स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता समीर भ  फेरि एक्सनप्रधान चलचित्रमार्फत दर्शकमाझ आउने तयारीमा छन् । उनको अभिनय रहेको चलचित्र "१२ गाउँ २" आगामी असोज ३० गते फूलपातीका दिनदेखि प्रदर्शनमा आउने भएको छ । चलचित्रको फर्स्टलुक सार्वजनिक भएसँगै समीरको नयाँ अवतारले चर्चा पाएको छ । सार्वजनिक पोस्टरमा उनलाई बलियो शारीरिक बनोट र एक्सनप्रधान शैलीमा प्रस्तुत गरिएको छ । उनको भूमिका रहने संकेत देखिन्छ ।

आजको विचार...



सडकमा...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



अभिनेत्री केकी अधिकारी अभिनीत नेपाली फिल्म "झिँगेदाउ २" प्रदर्शनको तयारीमा छ । फिल्मको ट्रेलर सार्वजनिक भएसँगै केकीसहित कलाकारको भूमिकालाई लिएर दर्शकमाझ चासो बढेको छ । ज्ञानन्द्र देउजाको निर्देशनमा बनेको फिल्ममा केकी अधिकारीसँगै आँचल शर्मा, महेश त्रिपाठी, कुशल विष्ट र आर्यनलगायत कलाकारको अभिनय रहेको छ । निर्माण पक्षले हालै सार्वजनिक गरेको ट्रेलरमा पारिवारिक सम्बन्ध, द्वन्द्व र भावनात्मक उतारचढावलाई प्राथमिकता दिइएको देखिन्छ ।

❐ वर्ष ३२ ❐ अंक ६२ ❐ २०८३ असोज १ गते बिहीबार 17 September 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सुनखानी भत्किँदा ६० जनाको मृत्यु

एजेन्सी

**सुडान,** भदौ ३१/दक्षिणी सुडानमा एउटा सुनखानी भत्किँदा कम्तिमा ६० साना खानी मजदुरहरुको मृत्यु हुनुका साथै धेरै बेपत्ता भएको जनाइएको छ । पश्चिम कोर्डोफानको एल-नाहुद सहर नजिकैको अल-जारा सुनखानी भत्किय पछिको उद्धार अभियानमा ६० जनाको शव बरामद गरिएको जनाइएको छ । रातभरि उद्धार अभियानमा सहभागी भएपछि दुर्घटनामा बाँच्न सफल भएकाहरुले अझै कति जना मजदुरहरु खानी भित्रै फसिरहेको जनाएका छन् । सन् २०२३ अप्रिलमा सुडानको सेना र अर्धसैनिक द्रुत समर्थन बलहरू बीच युद्ध सुरु भएदेखि, दुवै पक्षको युद्ध प्रयासहरूबीच विदेशी समर्थकहरूका अतिरिक्त सुन उद्योगद्वारा वित्त पोषित गरिएको जनाइएको छ । द्वन्द्वले सुडानको पहिले नै कमजोर अर्थतन्त्रलाई तहसनहस पारेको छ भने देशका धेरै भागलाई प्रभावित बनाएको छ । दुर्घटनामा परी बाच्न सफल भएकाहरुले अहिलेसम्म ६० जनाको शव निकालिएको पुष्टि गर्दै अझै धेरै जना कामदारहरु खानीको भग्नाबसेसमा पुरिएको जनाएका छन् ।

# हराउँदै गाउँघरको रैथाने तरकारी

***बारीमा लटरम्म फल्ने स्थानीय रैथाने तरकारी विस्तारै हराउँदै गएपछि अहिले बारीमा पहिलाजस्तो तरकारी देखिन छाडेको छ । मकैको बारीमा मकैको बोटलाई नै आधार बनाएर लहरा फैलिने भएकाले छुट्टै संरचना बनाउनुपर्ने झन्झट हुँदैनथ्यो ।***

**राष्ट्रिय समाचार समिति (रासस)**

**दाङ,** भदौ ३१/ बढैयाताल गाउँपालिका-३ का जोधनी थारुको बारीमा केही दशक अघिसम्म लटरम्म रैथाने बोडी, काँक्रा, लौका, फार्सी र भिण्डी फल्थ्यो । पछिल्ला वर्षमा रैथाने ती तरकारी फल्न छाडेको उनको अनुभव छ । उनले यस वर्ष पनि मकैसँगै रैथाने तरकारीको बीउ छरे पनि उत्पादन राम्रो नभएकोमा किसान थारुलाई दिक्क लागेको छ ।

"बोट उम्रिए पनि राम्रोसँग फलेन, फलेका बोटमै कुहिने र कीरा लाग्ने समस्या देखियो", उनले भनिन्, "पहिला बारीमा लटरम्म रैथाने टौँरै, भिण्डी, बोडी, काँक्रा फल्ने हुँदा त्यही तरकारी खान्थ्यौँ ।" "पहिले यतिबेला लोकल काँक्रा ठूलाठूला हुन्थे, एउटा काँक्रा एक्लै खान सकिँदैनथ्यो, अहिले ती काँक्रा पाउनै मुस्किल छ", किसान थारुले भनिन् । उनले यस वर्ष स्थानीय र उन्नत दुवै जातका काँक्राको बीउ लगाएकी थिइन् । दुवै उम्रिए पनि



रैथाने काँक्रा भने राम्रोसँग नफलेको उनले बताइन् । "जलवायु परिवर्तनको असरले हो कि उन्नत जातको काँक्राको असरले हो, रैथाने काँक्रा फलेन", उनले भनिन् । बारीमा लटरम्म फल्ने स्थानीय रैथाने तरकारी विस्तारै हराउँदै गएपछि अहिले बारीमा पहिलाजस्तो तरकारी देखिन छाडेको छ । मकैको बारीमा मकैको बोटलाई नै आधार बनाएर लहरा फैलिने भएकाले छुट्टै संरचना बनाउनुपर्ने झन्झट हुँदैनथ्यो । "त्यसैले मकैबारीमा प्राय: बोडी र काँक्रा रोपिन्थ्यो । गाउँका प्राय मकैबारीमा बोडी र काँक्रा नफल्ने घर कमै हुन्थे, उनले भनिन्, "अहिले त्यस्तो देखिन छाडेको छ । बजारमा पाइने बीउ लगाउने चलन बढेपछि पुराना बीउ हराउँदै छन् ।" सोही गाउँकी दुसानी थारुले भने पछिल्लो समय बजारमा सहजै पाइने उन्नत जातका बीउप्रति किसानको आकर्षण बढेको बताइन् । छोटो समयमा धेरै उत्पादन हुने र बजारमा बिक्री गर्न सहज हुने भएकाले किसानले रैथाने भन्दा उन्नत जातका बीउ रोज्न थालेको उनले बताइन् । बढैयाताल गाउँपालिकाका कृषि विकास शाखा प्रमुख दीपेन्द्र श्रीवस्तवले पनि उन्नत जातका बीउबाट उत्पादन राम्रो हुने भएकाले किसानको आकर्षण बढेको बताए । पालिकाले रैथाने बीउविजनको संरक्षण तथा उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्दै आए पनि किसानले उन्नत जातका बीउलाई बढी प्राथमिकता दिने गरेको उनले बताए । पालिकाभित्र कतिपय किसानले रैथाने बीउ अझै पनि वर्षौंदेखि घरमै संरक्षण गर्दै आएको पाइन्छ । पछिल्लो समय किसानले तरकारी उत्पादनलाई व्यावसायिक बनाउँदै लगेपछि उनीहरुको प्राथमिकता पनि परिवर्तन भएको छ । घरायसी उपभोगका लागि मात्र उत्पादन गर्ने भन्दा व्यावसायिक उद्देश्यले तरकारीखेती गर्न थालेपछि धेरै किसानले उन्नत जातका बीउलाई प्राथमिकता दिन थालेको कृषि विकास शाखा प्रमुख श्रीवस्तवको भनाइ छ ।

## एटीएमबाटै १०० रुपैयाँका नोट निकाल्न पाइने




**पाल्पा,** भदौ ३१/ अब बैंक तथा वित्तीय संस्थाका एटीएमबाट १०० रुपैयाँ दरका नोट निकाल्न पाइने भएको छ ।

नेपाल राष्ट्र बैंकले दशैं तिहारलाई लक्षित गर्दै नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन र नेपाल वित्त कम्पनी संघलाई मातहतका बैंक तथा वित्तीय संस्थाका एटीएमबाट १०० रुपैयाँका नोट वितरणको व्यवस्था मिलाउन निर्देशन दिएसँगै अब एटीएमबाट १०० रुपैयाँ दरका नोट निकाल्न पाइने भएको हो । चाडपर्वका बेला साना दरका नोट सटहीका लागि बैंकका शाखा तथा काउन्टरमा हुने भीड घटाउने उद्देश्यले यस्तो व्यवस्था गरिएको राष्ट्र बैंकले जनाएको छ । यसअघि अधिकांश बैंकका एटीएमबाट ५०० र १ हजार रुपैयाँ दरका नोट मात्रै निकाल्न सकिने व्यवस्था थियो ।

## विश्वकर्मा पूजा आज, कलकारखाना तथा औजारको पूजाआजा गरिँदै

**पाल्पा,** भदौ ३१/निर्माण, उद्योग तथा विभिन्न प्राविधिक क्षेत्रमा प्रयोग हुने औजार र मेसिनरीका देवता मानिने भगवान् विश्वकर्माको पूजा आज नेपालभर श्रद्धापूर्वक मनाइँदैछ । विश्वकर्मा पूजाका अवसरमा कलकारखाना, वर्कसप, निर्माणस्थल, उद्योग तथा विभिन्न प्राविधिक क्षेत्रमा प्रयोग हुने मेसिन, औजार र उपकरणको विशेष पूजा तथा सरसफाइ गर्ने चलन छ । यस दिन काममा प्रयोग हुने औजार तथा उपकरणको पूजा गरेमा व्यवसायमा सफलता, प्रगति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

पूजाका लागि बिहानैदेखि उद्योग तथा वर्कसपहरूमा सरसफाइ गर्ने, मेसिन तथा औजार सजाउने र विशेष पूजाको तयारी गर्ने गरिएको छ । कतिपय स्थानमा विश्वकर्माको प्रतिमा वा तस्वीर स्थापना गरी विधिपूर्वक पूजा तथा प्रसाद वितरणसमेत गरिन्छ । विश्वकर्मा पूजाले श्रम, सीप, प्रविधि र उत्पादनसँग जोडिएका क्षेत्रको महत्त्वलाई समेत उजागर गर्ने गर्दछ । विशेषगरी मेकानिक्स, इन्जिनियरिङ, निर्माण, उद्योग तथा यातायात क्षेत्रमा आबद्ध व्यक्तिहरूले यस पर्वलाई विशेष महत्वका साथ मनाउने गरेका छन् । प्रत्येक वर्ष असोज १ गतेका दिन



विश्वकर्मा पूजा गर्ने गरिन्छ । आज बिहानैदेखि कलकारखानामा रङ्गीचङ्गी ध्वजापताका टाग्नुका साथै विशेष पूजा गर्न लागिएको छ । सवारी साधन हुनेहरूले बिहानै सवारी साधनलाई धोएर पूजाआजा गर्ने गर्द छन् । बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रंगीन बनाइएको छ । गाडी मर्मत संभार गर्ने ग्यारेजलगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगोपन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ । पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ । यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन् । आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकैको खोला वा नदीमा लगि बिसर्जन गरेपछि विश्विकर्मा पूजा समापन हुन्छ । धार्मिक मान्यताअनुसार भगवान् विश्वकर्मालाई वास्तुकला, निर्माणकला र शिल्पकलाका देवताका रूपमा पूजा गरिन्छ । त्यसैले आृनो पेशा तथा व्यवसायमा प्रयोग हुने औजार र उपकरणप्रति सम्मान प्रकट गर्ने दिनका रूपमा पनि विश्वकर्मा पूजा मनाउने गरिएको छ । विश्वकर्मा पूजाको अवसरमा विभिन्न उद्योग तथा व्यवसायमा कार्यरत श्रमिक र व्यवसायीहरूले सुख, शान्ति, समृद्धि तथा व्यवसायमा निरन्तर प्रगतिको कामना गरेका छन् । फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाइ आजका दिन बिदा पनि दिने चलन छ । आजका दिन आफनो फलामे औजारको पूजा गर्नाले लामो समय सम्म टिक्ने जनविश्वास छ । विगतमा विशेष गरी तराई क्षेत्रमा धुमधामका साथ विश्वकर्मा पूजा गरिने गरेकामा पछिल्ला केही वर्ष यता पहाडी जिल्लामा पनि यसको गरिमा र महत्व बढ्दै गएको छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसले दु:ख दिएपछि विश्वकर्माले समुन्द्रको बीचमा भेदद्वारका बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुन्द्रको बीचमा 'भेदद्वार' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रुपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको हो । प्राचिन भारत वर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रुपमा समेत मानिन्छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रुपमा समेत मानिन्छ । यही सम्झनामा कालीगढले आज भव्यरुपमा विश्वकर्मा बाबाको पूजा गरी उनको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वासका साथ पूजा गर्दछन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## राष्ट्रिय विज्ञान दिवसको सन्देश

नेपालमा हरेक वर्ष असोज १ गते राष्ट्रिय विज्ञान दिवस मनाइन्छ । ये वर्षको दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा पहिलो पटक २०७० असोज १ गते विज्ञान दिवस मनाइएको थियो । विज्ञान प्रविधिको दिनानुदिन बढ्दो महत्व एवं राष्ट्र विकासमा विज्ञान तथा वैज्ञानिकहरूले पुर्याउन सक्ने योगदानलाई ध्यान दिएर नेपालमा यो दिवस मनाउन सुरु गरिएको हो । यो दिवस विज्ञान तथा प्रविधिको महत्वबारे जनचेतना फैलाउने, वैज्ञानिक प्रतिभालाई प्रोत्साहन गर्ने र अनुसन्धान तथा नवप्रवर्तनलाई प्राथमिकता दिन प्रेरित गर्ने अवसर हो । दिवस मनाउनुको सार केवल कार्यक्रम, भाषण र औपचारिकतामा सीमित हुनु हुँदैन, यसले विज्ञानप्रतिको हाम्रो दृष्टिकोण र व्यवहारमा समेत परिवर्तन ल्याउनुपर्छ । नेपालजस्तो विकासोन्मुख देशका लागि विज्ञान र प्रविधिको भूमिका अझ महत्वपूर्ण छ ।

विज्ञान केवल प्रयोगशाला र अनुसन्धान केन्द्रमा मात्रै सीमित विषय होइन, यो आधुनिक जीवनको आधार पनि हो । सञ्चार, स्वास्थ्य, कृषि, ऊर्जा, यातायातदेखि शिक्षा र प्रविधिसम्म विज्ञानले मानव जीवनलाई सहज, सुरक्षित र समृद्ध बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । त्यसैले विज्ञानको विकास र वैज्ञानिक सोचको विस्तार कुनै पनि राष्ट्रको प्रगतिको महत्वपूर्ण आधार हो । कृषि उत्पादन बढाउने, प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने, स्वास्थ्य सेवा सुधार गर्ने, विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा रोजगारीका नयाँ अवसर सिर्जना गर्ने काममा वैज्ञानिक अनुसन्धान उपयोगी हुन सक्छ । तर अनुसन्धानका लागि पर्याप्त लगानी, आधुनिक प्रयोगशाला, दक्ष जनशक्ति र अनुसन्धानकर्तालाई उचित प्रोत्साहनको अझै आवश्यकता छ । हाम्रो शिक्षामा पनि वैज्ञानिक सोचलाई प्राथमिकता दिन जरुरी छ । विद्यार्थीलाई केवल पाठ्यपुस्तकका तथ्य कण्ठ गराउनेभन्दा प्रश्न गर्न, खोज्न, प्रयोग गर्न र समस्याको समाधान निकाल्न प्रेरित गर्नुपर्छ । अन्धविश्वास र गलत सूचनाको सामना गर्न पनि वैज्ञानिक चेतना आवश्यक हुन्छ । विज्ञान पढ्ने विद्यार्थी मात्र होइन, समाजका हरेक नागरिकमा प्रमाणमा आधारित सोचको विकास हुनु आजको आवश्यकता हो । सरकार, शैक्षिक संस्था, अनुसन्धान केन्द्र, निजी क्षेत्र र आम नागरिकबीच सहकार्य हुन सके विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपालले उल्लेखनीय प्रगति गर्न सक्छ । प्रतिभाशाली युवालाई स्वदेशमै अनुसन्धान र नवप्रवर्तनका अवसर उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ । यो दिवसले विज्ञान दिवस एक दिनको उत्सव मात्र होइन, वैज्ञानिक संस्कार निर्माण गर्ने निरन्तर अभियान हो भन्ने सन्देश दिन्छ ।

## Opinion @ Social Network

"जीवनमा भेटिने हरेक सम्बन्ध वसन्त जस्तो हुँदैन,
कोही पतझड बनेर आउँछन् अनि धेरै कुरा त्याग्न सिकाएर जान्छन् !!"
*(सुरज थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Suraj.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सडकमा छट्पटाएको मातृत्व र हराएको मानवता



**प्रा. देवीभक्त ढकाल**

सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको पर्खाल बाहिर, धुलो र फोहोरले भरिएको सडकको पेटीमा राति २ बजे जब प्रसूति वेदनाले छट्पटाउँदै एक आमाले शिशु जन्माइन् त्यो क्षण केवल एउटा बालकको धर्तीमा आगमन भएको थिएन । त्यो दृश्य वास्तवमा आधुनिक नेपालको लोकतान्त्रिक चेतना, संवैधानिक ग्यारेन्टी, सुशासन र सम्पूर्ण सरकारी स्वास्थ्य प्रणालीको निर्मम अवसानको चित्र थियो । राजविराज नगरपालिका वडा नम्बर-१४ पर्साहीकी सविता र उनका पति हरेराम पासवानका लागि अस्पतालको ढोका पार गरेर सुरक्षित प्रसूति कक्षसम्म पुग्ने योग्यता केवल २५ सय रुपैयाँ बन्यो । अस्पतालका स्वास्थ्यकर्मीहरूले अल्ट्रासाउण्ड, रगत र पिसाब परीक्षणका नाममा माग गरेको रकम गरिब पासवान दम्पतीसँग थिएन । आर्थिक अयोग्यतालाई उपचारको अयोग्यता मान्दै ड्युटीमा रहेका स्वास्थ्यकर्मीले भर्ना लिन अस्वीकार गरे । नतिजास्वरूप, प्रसव वेदनाजस्तो संवेदनशील र जोखिमपूर्ण मोडमा उभिएकी एउटी आमा अस्पतालको छानामुनि होइन, सडकको सञ्जालमाझ निस्पट्ट रातमा नवजात शिशु जन्माउन बाध्य भइन् । यस दारुण घटनाले राज्यको स्वास्थ्य नीति, सार्वजनिक अस्पतालहरूको कार्यशैली, स्वास्थ्यकर्मीहरूको अनुसारको मानवीय व्यवहार, पेशागत नैतिकतामाथि गम्भीर र अनुत्तरित प्रश्न खडा भयो । नेपालको संविधान २०७२ ले नागरिकको आधारभूत स्वास्थ्य अधिकारलाई मौलिक हकको रूपमा स्पष्टसँग लिपिबद्ध गरेको छ । संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने र कसैलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने लिखित प्रत्याभूति दिएको छ । त्यसैगरी धारा ३८ को उपधारा २ ले महिलाको प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्वको अधिकारलाई अक्षुण्ण अधिकारको रूपमा स्थापित गरेको छ । संवैधानिक मर्मलाई कार्यान्वयन गर्न बनेको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ ले कुनै पनि महिलालाई पैसाको अभाव वा गरिबीकै कारण प्रसूति सेवाबाट वञ्चित गर्न पाइनेछैन भनी भनेको छ तर राजविराजको अस्पतालको ढोकामा भएको कार्यले कानुनी ठेलीहरू कागजी षड्यन्त्रमात्र हुन् भन्ने प्रमाणित भएको छ । जनस्वास्थ्यविद् डा.रीता थापाको विचारलाई उद्धृत गर्दै भन्ने हो भने जब राज्यले ठूला-ठूला मञ्चहरूबाट सुरक्षित मातृत्व र नि:शुल्क स्वास्थ्य सेवाका गफ छाट्छ तर अस्पतालको मूल ढोकासम्म पुगिसकेकी एउटी असहाय महिला २५ सय रुपैयाँ नभएकै कारण सडकमा बच्चा जन्माउन विवश हुन्छिन् तब राज्यले स्वास्थ्य क्षेत्रमा गर्ने सम्पूर्ण दाबी, बजेट विनियोजन र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू ठगी प्रमाणित भए । राज्यले नागरिकको करबाट पालेका अस्पतालहरू यदि विपन्नका लागि जीवन र मृत्युको दोसाँधमा व्यापारिक अड्डा बन्छन् भने त्यसलाई व्यवस्थापकीय कमजोरी भनेर उन्मुक्ति दिन किमार्थ हुन्न । यो त राज्य स्वयं र स्वास्थ्यकर्मीहरू नागरिकको हत्यामा संलग्न संगठित जघन्य अपराध भन्दा हुन्छ । घटनाको गहिराइलाई केलाउँदा यहाँ एकैपटक दुईवटा अमूल्य जीवन र उनीहरूका आधारभूत मानवअधिकारहरूको सामूहिक अपहरण भएको देखिन्छ । पहिलो अपहरण आमाको सुरक्षित मातृत्व र शारीरिक अखण्डताको हकमाथि भएको छ । एउटी आमाले सन्तानलाई जन्म दिँदा पाउने न्यूनतम् सम्मान, गोपनीयता, दुखाइ कम गर्ने औषधि र प्राविधिक सहयोग उनको नैसर्गिक अधिकार हो । प्रसूति वेदनाले शरीरका अंग-अंग निचोरिरहेका बेला रातिको समयमा अस्पतालका कर्मचारीले पैसा नभएकै कारण बाहिर धकेल्नु मानवअधिकारको हनन् सँगै महिला हिंसा हो । दोस्रो धर्तीमा पाइला टेक्दै गरेको निस्पाप नवजात शिशुको जीवन र सुरक्षाको हक अपहरण भएको छ । संसारमा आँखा खोल्ने बित्तिकै जीवाणुयुक्त धुलो, चिसो र सम्भावित संक्रमणको जोखिममा पर्नु शिशुलाई जन्मदै मृत्युको मुखमा धकेल्नुसरह हो । यदि सडकमा बच्चा जन्माउने क्रममा अत्याधिक रक्तस्राव वा अन्य कुनै जटिलताले आमा वा शिशुको ज्यान गएको भए जिम्मेवारी कसले लिन्थ्यो ? २५ सय रुपैयाँ एउटा नागरिकको जीवनभन्दा अमूल्य हुनसक्छ ? चिकित्सा पेशालाई मानव सभ्यतामा सबैभन्दा पवित्र र सेवामूलक पेशाको रूपमा आदर गरिन्छ । डाक्टर र स्वास्थ्यकर्मीहरूले शपथग्रहण गर्दा जात, धर्म, लिंग वा आर्थिक हैसियतको पर्वाह नगरी जीवन रक्षालाई प्राथमिकता दिने प्रतिज्ञा गरेका हुन्छन् । तर राजविराज अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूको व्यवहारले पेशागत निष्ठा र नैतिक मूल्यको चरम पतन भएको देखाउँछ । सेतो कोट लगाउनुको अर्थ केवल प्राविधिक ज्ञान हासिल गर्नुमात्र होइन । अरूको दु:खमा पग्लिनसक्ने करुणामय फदय बोक्नु पनि हो । अस्पतालको आकस्मिक कक्षमा पुगेकी बिरामीलाई पहिले काउन्टरमा पैसा तिरेर रसिद ल्याऊ अनिमात्र जाँच गर्छु भनेर कठोरतापूर्वक फर्काइन्छ तब सेतो कोटभित्र मानवता होइन दानवता देखियो । विपन्नता कुनै मानिसले रोजेको रहर होइन । गरिबीलाई नै अपराध मानेर उपचारबाट वञ्चित गर्ने यस्तो संवेदनहीनताले सरकारको स्वास्थ्य क्षेत्रलाई सेवाबाट व्यापारमा बदलेको दु:खद् सन्देश दिन्छ । यस्तो हुनुको पछाडि कसको कमजोरी छ भनेर खोज्दै जाँदा औंला केवल काउन्टरमा बस्ने सानो कर्मचारी वा ड्युटीमा खटिएकी नर्सतिरमात्र सोझ्याउनु अपूरो हुन्छ । यो सम्पूर्ण स्वास्थ्य संरचना, अस्पताल प्रशासन र राज्यको अनुगमन संयन्त्रको संयुक्त विफलता हो । यो विफलता र संवेदनहीनताको जिम्मेवारी मूलत: राज्यको स्वास्थ्यमन्त्री र प्रधानमन्त्रीले लिनु पर्छ कि पर्दैन ? सरकारी अस्पतालहरूमा विपन्न नागरिकका लागि आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने गरी लक्षित कोषहरूको व्यवस्था गरिएको हुन्छ । सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत प्रसूति गराउन आउने महिलालाई उल्टै यातायात खर्च र प्रोत्साहन भत्ता दिने सरकारी योजनाहरू कागजमा जीवितै छन् तर जब वास्तवमै अति विपन्न परिवार अस्पताल पुग्छ ती योजनाको पहुँच उनीहरूसम्म किन पुग्दैन ? आपत्कालीन अवस्थामा तत्काल निर्णय लिएर बिरामीको ज्यान बचाउने अधिकार ड्युटी डाक्टर वा अस्पताल प्रमुखलाई किन भएन ? अस्पतालको प्रशासनिक संयन्त्रले संवेदनशील घटनामा तत्काल नि:शुल्क उपचारको व्यवस्था गर्न सक्दैन भने प्रशासन हुनु र नहुनुको औचित्य रहँदैन । हाम्रो देशमा घटना घटिसकेपछि एउटा अनुगमन समिति बनाउने, केहीदिन पत्रपत्रिका र सामाजिक सञ्जालमा होहल्ला हुने र पछि छानबिन प्रतिवेदनलाई घर्रामा थन्क्याएर घटना सामसुम पार्ने पुरानो परिपाटी छ । यस्ता घटनालाई सामान्य लापरबाही वा प्रशासनिक त्रुटि मानेर छाड्न मिल्दैन । अस्पतालको ढोकाबाट प्रसूति व्यथा लागेकी महिलालाई पैसा नभएकै कारण फर्काइनु जघन्य अपराध हो । जुन स्वास्थ्यकर्मी वा डाक्टरले आपत्कालीन अवस्थामा आएकी प्रसूति महिलालाई उपचार नगरी सडकमा धकेल्ने हिम्मत गर्छन्, उनीहरूलाई कानुनी दण्ड मात्र होइन पेशागत सजाय पनि हुनुपर्छ । नेपाल मेडिकल काउन्सिल वा सम्बन्धित नियामक निकायले यस्ता संवेदनहीन स्वास्थ्यकर्मीहरूको पेशागत अनुमतिपत्र अर्थात् लाइसेन्स स्थायी रूपमा रद्द गर्न कडा कदम चाल्नुपर्छ । डाक्टर वा कर्मचारीले आफ्नो गलत निर्णयबाट पेशा गुम्ने र जेल जानुपर्ने खतरा देख्दैन, तबसम्म अस्पतालहरूमा गरिब नागरिकमाथि हुने अत्याचार रोकिने छैनन् । साथै, पीडित आमा र नवजात शिशुलाई परेको शारीरिक र मानसिक क्षतिको पूर्ति गर्न अस्पताल प्रशासन र राज्यको कोषबाट ठूलो रकमको भारी क्षतिपूर्ति भराइनुपर्छ । यसले गर्दा अन्य अस्पताल र स्वास्थ्य संस्थाहरूले पनि कुनै पनि नागरिकलाई पैसाको आधारमा विभेद गर्दा कति ठूलो मूल्य चुकाउनुपर्छ भन्ने पाठ सिक्न सकून् । केवल सजाय र दण्डमात्र दीर्घकालीन समाधान किमार्थ होइन । यसका लागि प्रणालीगत रूपान्तरण आवश्यकता छ । नेपालका सम्पूर्ण सरकारी तथा निजी अस्पतालहरूमा 'नो रिफ्युजल' नीतिको कानुनी र व्यावहारिक कार्यान्वयन हुनुपर्छ । प्रसूति, दुर्घटना र आकस्मिक उपचारका लागि अस्पताल पुगेका कुनै पनि बिरामीलाई पैसा, कागजी प्रक्रिया वा आफन्तको अनुपस्थितिको बहानामा भर्ना नलिई फर्काउन नपाइने गरी कडा नियम बनाइनुपर्छ । अस्पताल छिर्नेबित्तिकै उपचार अनिमात्र अन्य प्रशासनिक र आर्थिक प्रक्रिया अगाडि बढाउनुपर्छ । बिरामी विपन्न छ भने उसको आर्थिक अवस्थाको प्रमाणीकरण पछि गरेर राज्यको विपन्न कोष वा अस्पतालको कल्याणकारी कोषबाट रकम फछ्र्यौट गर्ने पारदर्शी प्रणालीको विकास गरिनुपर्छ । सरकारी अस्पतालहरूको अनुगमन गर्न स्थानीय तह, नागरिक समाज र मानवअधिकारकर्मी सम्मिलित एक स्वतन्त्र र अधिकारसम्पन्न अस्पताल अनुगमन बोर्ड गठन गरिनुपर्छ । उक्त बोर्डले २४सै घण्टा अस्पतालमा आउने बिरामीहरूले पाउने सेवा, व्यवहार र आकस्मिक कोषको सही प्रयोग भए/नभएको प्रत्यक्ष अनुगमन गर्न सक्नुपर्छ । सप्तरीको राजविराजमा भएको यो घटना केवल एउटा भूगोल वा एउटा दम्पतीको व्यक्तिगत दु:खमात्र होइन । समग्र नेपाली समाजको मरेको चेतना र राज्यको असफल स्वास्थ्य नीतिको ऐना हो । आफ्ना नागरिकहरू आधारभूत उपचारको अभावमा सडकको पेटीमा जन्मनु र मर्नु परेको दृश्य देख्दा पनि राज्यको नेतृत्व, न्यायप्रणाली र समाज चुपचाप बस्छ भने त्यसभन्दा ठूलो राष्ट्रिय लज्जा अर्को के हुनसक्छ ? अस्पतालका भव्य भवनहरू, आधुनिक प्रविधिका उपकरण र चिल्ला नाराहरू त्यतिबेलामात्र सार्थक हुन्छन् जब तिनले समाजको सबैभन्दा तल्लो तहमा रहेका, भोका र नांगा नागरिकको जीवन रक्षा गर्न सक्छन् । सविता र उनका नवजात शिशुले पाएको यो घाउ अब केवल उनीहरूको व्यक्तिगत पीडामा सीमित रहनु हुँदैन, स्वास्थ्य प्रणालीलाई सुधार्ने एउटा कठोर क्रान्तिको रूप लिनुपर्छ । अझै पनि यस्ता आपराधिक लापरबाहीलाई नजरअन्दाज वा छानबिनका नाममा ढाकछोप गरियो भने नागरिकको राज्यप्रतिको विश्वासलाई पूर्णरूपमा समाप्त पार्नेछ । मानवताको रक्षा गर्नु र प्रत्येक नागरिकलाई सम्मानित रूपमा जीवन बाँच्न र जन्मन पाउने अधिकारको सुनिश्चितता गर्नु लोकतान्त्रिक राज्यको प्राथमिक परीक्षण हो । अस्पतालको संघारबाट फर्काइएकी आमा र सडकमा जन्मिएको नवजात शिशुले सम्पूर्ण राज्य संयन्त्रलाई गम्भीर प्रश्न गरिरहेका छन् । *-इहिमालयन डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा सकारात्मक ऊर्जा छाउनेछ। रोकिएका काम साँझतिर बन्न सक्छन्। | **तुला**: नयाँ मानिसहरूसँग सम्बन्ध विस्तार हुनेछ। व्यापारमा लाभ मिल्नेछ। |
| **वृष** : आर्थिक स्थिति सुधारिने संकेत छ। पारिवारिक वातावरण शान्त रहनेछ। | **वृश्चिक** : अनावश्यक वादविवादबाट टाढै रहनुहोला। यात्रा गर्दा सचेत रहनुहोस्। |
| **मिथुन** : बौद्धिक पठनपाठनमा विशेष रुचि बढ्नेछ। छोटो यात्राको योग छ। | **धनु** : धार्मिक कार्यमा रुचि बढ्नेछ। भ्रमण वा यात्राको सम्भावना छ। |
| **कर्कट** : परिवारसँग आत्मीयता बढ्नेछ। निर्णय गर्दा सोचविचार पुऱ्याउनुहोला। | **मकर** : वरिष्ठ व्यक्तिको मार्गदर्शन मिल्नेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोस्। |
| **सिंह** : धनमा वृद्धि हुनेछ। कार्यक्षेत्रमा तपाईंको दक्षताको उच्च मूल्यांकन हुनेछ। | **कुम्भ**: विचारले मनमा प्रसन्नता ल्याउनेछ। मनमा शान्ति र मुहारमा कान्ति छाउनेछ। |
| **कन्या** : स्वास्थ्य र खानपानमा ध्यान दिनुपर्ने दिन छ। साहित्यतर्फ ध्यानाकर्षण हुनेछ। | **मीन** : घरायसी वस्तु खरिदको योजना बन्न सक्छ। कार्य गर्दा हतार नगरौं। |




निबन्ध

खगेन्द्र जोशी

# सांस्कृतिक सचेतता : आजको आवश्यकता

नेपाली भाषामा व्यवफत 'संस्कृति' शब्द संस्कृत भाषाबाट रूपान्तरण नभईकनै नेपाली भाषामा भित्रिएको तत्सम शब्द हो । संस्कत भाषाको 'कृ' धातुमा 'ति' प्रत्यय लागेर व्युत्पन्न 'कृति' आधार पदमा 'सम्' उपसर्ग लागेपछि 'संस्कृति' शब्दको व्युत्पत्ति भएको हो । जसको शाब्दिक अर्थ कुनै देश, समुदाय वा जाति विशेषको कला, साहित्य, सङ्गीत, बौद्धिकता, आचार, व्यवहार वा त्यस देश, समुदाय वा जातिको मौलिक पहिचान गराउने विशेषता भन्ने हुन्छ । आज संस्कृति शब्दको अर्थविस्तार हुनगई यसले व्यापक अर्थ बोध गराउन थालेको छ । जीवनसँग जोडिएका ती सबै विचार र व्यवहारहरूलाई संसकृति भन्न सकिन्छ जसले कुनै समुदाय विशेषको मौलिक पहिचान गराउँछन् । संस्कृति व्यक्तिगत सोच र क्रियाकलापमा आधारित नभएर समुदायगत सोच र क्रियाकलापमा आधारित हुन्छ तर यसको अभिव्यक्ति भने व्यक्तिका माध्यमबाट नै हुन्छ । व्यापक रूपमा संस्कृति शब्दलाई अर्थ्याउनु पर्दा के भन्न सकिन्छ भने प्रकृतिप्रदत्त व्यवहार बाहेकका सम्पूर्ण मानव सिर्जित व्यवहारहरू संस्कृतिसम्बद्ध पक्ष हुन् । अर्को शब्दमा भन्नुपर्दा मानवले जुन व्यवहार प्रकृतिबाट सिक्यो ती व्यवहार संस्कृतिका अङ्ग होइनन् तर जीवनलाई व्यवस्थित बनाउने क्रममा जुन व्यवहार मानव स्वयंले सिर्जना गर्यो ती व्यवहार संस्कृतिका अङ्ग हुन् । अझै प्रस्ट पार्नुपर्दा मानिसले खाना खानु प्रकृतिप्रदत्त गुण हो तर खाना खाँदा अपनाइने शुद्धता, खाने तौरतरिका, खानाका परिकार बनाउने विधि आदि संस्कृतिसम्बद्ध पक्ष हुन् । मलमूत्र त्यागनु प्रकृतिप्रदत्त व्यवहार हो तर त्यसलाई व्यवस्थापन गर्न अपनाइने तरिकाहरू संस्कृतिकै अङ्ग हुन् । निदाउनु प्रकृतिप्रदत्त गुण हो तर सुत्नका निम्ति अपनाइने तौरतरिका संस्कृतिका अङ्ग हुन् । नारी र पुरुष बिच हुने यौनाकर्षण तथा समागम कार्य प्रकृतिप्रदत्त गुण हो तर त्यसका निम्ति अपनाइने विधिविधानहरू संस्कृतिसम्बद्ध पक्ष हुन् । मानिसले लुगा लगाउनु, विचार विनिमयका निम्ति भाषा विशेषको प्रयोग गर्नु, जीवन निर्वाहका निम्ति विभिन्न पेसा तथा व्यवसायमा संलग्नता देखाउनु यी सबै संस्कृतिसँग सम्बन्धित क्रियाकलाप हुन् । यति मात्र होइन बरु प्रकृतिप्रदत्त सार्वभौम पक्षको प्रयोगमा पनि पार्थक्यता ल्याएर मानवले ती पक्षहरूलाई संस्कृतिसँग जोड्ने काम गरेको देखिन्छ । मानिसले गर्ने गतिविधिहरू मात्र संस्कृति होइनन् उसको मानसिकतामा पैदा हुने विचार, जीवन र जगतप्रतिको उसको दृष्टिकोण, सामाजिक परिवेशका सापेक्षतामा निर्मित मानिसको मनोविज्ञान आदि पनि संस्कृतिसम्बद्ध पक्ष हुन् । यसरी के भन्न सकिन्छ भने कुनै व्यक्ति जन्मेदेखि बाँचुन्जेलसम्म समाज/समुदायगत प्रभावबाट प्रभावित भएर उसको जीवनमा घटित सबै वैचारिक तथा व्यवहारिक क्रियाक्लापहरूका साथै ऊ जन्मनुपूर्व र उसको मृत्युपश्चात उसका नामले गरिने क्रियाकलापहरू सबै संस्कृतिसम्बद्ध पक्ष हुन । मानिसको जीवनसँग जोडिएका रहनसहन, बोलीव्यवहार, लवाइखवाइ, रीतिरिवाज, मूल्यमान्यता, सोचविचार, आचारव्यवहार आदि सबै कुराहरू संस्कृतिकै अङ्ग हुन् । संस्कृति हरेक समुदायको स्वत्वको पहिचान हो । संस्कृतिको संरक्षण र संवर्धन गर्नु हरेक समुदायका सदस्यको कर्तव्य हो । संसकृति समाप्त भएमा सम्बन्धित समुदायको मौलिक पहिचान नै गुम्न जाने हुनाले आनो संस्कृतिको संरक्षण गर्नु पर्ने कुरामा कसैको विमति नहुँदा नहुँदै पनि संस्कृति संरक्षणका नाममा विकृति बचाउने काम नहोस् भन्ने कुरामा भने सबै सचेत हुनु जरुरी छ । संस्कृति विभिन्न तत्त्वका सापेक्षतामा निर्माण र विकास हुने कुरा हो । यो भूगोल, समाजव्यवस्था, राजनैतिक व्यवस्था, अर्थव्यवस्था, उत्पादनप्रणाली, धर्मव्यवस्था जस्ता तत्त्वहरूसँग सापेक्ष सम्बन्ध राख्दछ । हिमाल, पहाड र तराईका मानिसको लवाइखवाइ तथा रहनसहनमा भिन्नता देखिनुको कारण भौगोलिक विविधता हो । पुरुषप्रधान समाजमा महिलामैत्री विचार र व्ययहारको अभाव रहनु, उच्च वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिमाथि प्रतिकूल प्रभाव पर्ने गरी विभेदपूर्ण व्यवहार गर्नु र निम्न वर्गका व्यक्तिले त्यसलाई परम्पराका रूपमा स्वीकार गर्नु आदि समाजव्यवस्थाका कारण देखा पर्ने गतिविधि हुन् । अधिनायकवादी व्यवस्थामा शासक केन्द्रित नीतिनियमअनुसार जीवनपद्धति सञ्चालन हुनु र जनवादी व्यवस्थामा जनभावनाअनुरूप जनताको हित हुने गरी निर्माण गरिएका नियमअनुसार जीवनपद्धति सञ्चालन हुनु राजनैतिक व्यवस्थाको सापेक्षतामा निर्माण भएका गतिविधि हुन् । आफूलाई आवश्यक पर्ने उपभोग्य वस्तु आफैले उत्पादन गर्नु वा बजारमाथि निर्भर हुनु तथा उत्पादनका साधनमा सामूहिक स्वमित्व हुनु वा एकल स्वामित्व हुनु जस्ता पक्षहरू उत्पादनप्रणाली र अर्थव्यवस्था सापेक्ष व्यवहार हुन् । गाईलाई आमा मानी पुज्नु र गाई काटेर त्यसको मासु खानु धर्मव्यवस्थाका सापेक्षमा विकसित गतिविधि हुन् । त्यस्तै संस्कृति समय सापेक्ष पनि हुन्छ । समयको परिवर्तन सँगसँगै जीवन र जगत्मा आउने परिवर्तनले व्यक्तिको विचार र व्यवहारमा पनि परिवर्तन ल्याइदिन्छ जसले गर्दा संस्कृतिलाई समयले पनि प्रभावित गरिरहेको हुन्छ । सामान्यतया मानव सभ्यताको विकासको क्रममा मानव जीवनलाई सहज बनाउनका निम्ति व्यक्तिको मानसिकतामा पैदा भएको विचार र त्यसको परिणाम स्वरूप स्थापित व्यवहार जब सामूहिकीकरण भएर स्थायित्व पाउँछ तब त्यसले संस्कृतिको स्वरूप ग्रहण गर्दछ । तर यसरी स्थापित हुने सबै मूल्यमान्यता र व्यवहारहरू जीवनोपयोगी नै हुन्छन् भन्ने कुरा चाँहि होइन । हाम्रो सामाजमा विद्यमान देउकी प्रथा, झुमा प्रथा, जातीय उचनीचताको अवस्था तथा छुवाछुत प्रथा, छाउपाडी प्रथा, बलि प्रथा, बालीघरे प्रथा आदि जीवनविरोधी व्यवहारहरू संस्कृतिका नाममा परम्पराबाट प्रचलित विकृतिहरू नै हुन् । यी त केही उदाहरण मात्र हुन् समाजमा यसप्रकारका अरू पनि थुप्रै विचार र व्यवहारहरू देख्न सकिन्छ जसले जीवनलाई सरल होइन जटिल, सहज होइन असहज, गतिशील होइन गतिहीन् बनाउने र जीवनलाई प्रगतितिर नभएर अधोगतितिर धकेल्ने काम गरेको देख्न सकिन्छ । संस्कृति जीवनोपयोगी हुने र विकृति जीवन विरोधी हुने हुनाले समाजमा प्रचलित व्यवहारमध्ये कुन संस्कृति हो र कुन विकृति हो भनी पहिचान गर्नु जरुरी छ । कुनै खास वर्ग, तह तथा समूहका शक्तिसम्पन्न व्यक्तिहरूले आफ्नो हितअनुकूल हुनेगरी स्थापित गरेका मूल्यमान्यता तथा व्यवहारहरू यदि आम जनताको हितमा छैनन् भने संस्कृति संरक्षणका नाममा तिनलाई जोगाइराख्नु आवश्यक हुँदैन । त्यस्तै कुनै विशेष कालखण्डमा स्थापित व्यवहार त्यस समयको लागि उपयोगी भएपनि कालान्तरमा त्यो औचित्यहीन हुन सक्छ । यस्तै भान्सामा मात्र खाना खानुको तात्पर्य पनि सरसफाइमा ध्यान दिनु नै हो र चुलोमा आगो निभेपछि नखानुको अर्थ ताजा खाना खानुपर्छ भन्ने हो तर आज त्यसको सारलाई समात्न नसकी रूपलाई मात्र समात्दा धोती फेरेर भान्सा पस्ने काम गरे पनि सरसफाइमा ध्यान नदिएको बरु फेरिएको धोती समेत फोहोर हुने गरेको अनि चुलोमा आगोको विकल्पमा बत्ती बालेर काम चलाउने गरेको पाइन्छ । धोती नफेरे पनि खाना खाँदा सरसफाइ र शुद्धतामा ध्यान दिनु अनि ताजा स्वच्छ तथा गरमगरम खाना खानु त्यसको सार पक्षलाई समात्नु हो । हामीले हाम्रो समाजमा विद्यमान संस्कृतिलाई संरक्षण गर्न खोज्दा त्यसमा रहेको जीवनोपयोगी पक्षलाई विशेष जोड दिनुपर्छ । हामीले आफ्नो पहिचानका लागि आफ्नो संस्कृति बचाउने नाममा अरूको संस्कृतिमा रहेका राम्रा पक्षलाई आत्मसात गर्न पनि अन्कनाउनु हुँदैन तर आधुनिक र उदार बन्ने नाममा अरूको संस्कृतिको अन्धानुकरण गर्नु पनि हुँदैन । त्यसमा रहेको वैज्ञानिकता, सान्दर्भिकता र उपयोगिताको ख्याल गर्नु नै पर्छ । त्यसको महत्त्वलाई केलाएर रूपमा भन्दा पनि सारमा त्यसलाई आत्मसात गर्नु उपयुक्त हुन्छ । आज हाम्रो समाजमा केही व्यक्तिहरू आफ्नो धर्म र संस्कृतिलाई जोगाउने नाममा रूढिवाद र अन्धविश्वासको पक्षपोषण गरिरहेका छन् । विज्ञानले गलत सिद्ध गरिसकेका कुरालाई पनि पुर्खाले मान्दै आएको भनी परम्पराका नाममा जोगाइराख्न खोज्नु परम्पराको अन्धानुकरण गर्नु हो र त्यो संस्कृतिको संरक्षण नभएर विकृतिको बचाव हो । यो प्रवृत्ति संस्कृति संरक्षणका क्षेत्रमा देखा परेको ठुलो समस्या हो । त्यस्तै कतिपय व्यक्तिहरू आफूलाई आधुनिक देखाउने नाममा पश्चिमा जगतबाट आयातित व्यक्तिकेन्द्रित उपभोक्तावादी संस्कृतिलाई अन्धाधुन्ध रूपमा आत्मसात गरिरहेका छन् । यो पनि संस्कृति संरक्षणका क्षेत्रमा देखा परेको झन ठुलो समस्या हो । आफूलाई मात्र केन्द्रमा राखेर सोच्नु तथा काम गर्नु, सामूहिकभन्दा व्यक्तिगत स्वार्थलाई बढी महत्त्व दिनु, श्रमलाई सम्मान नगर्नु, विनामेहिनेत वा कम मेहिनेतमा अत्यधिक नाफा खोज्नु, नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्नु, समस्या समाधानका लागि सैर्ष गर्नुभन्दा समर्पण गर्न सिकाउनु, शून्यवादी चिन्तन आत्मसात गर्नु, आफूलाई समाजसेवाभन्दा मोजमस्तीमा व्यस्त राख्नु जस्ता चिन्तन तथा गतिविधि पश्चिमबाट नेपाली समाजमा भित्रिएका संस्कृति हुन् । यिनले नेपाली समाजमा विकृति नै बढाएको देखिन्छ । यसरी हामीमा सांस्कृतिक सचेतता भएमा मात्र हामी असल संस्कृतिको निर्माण, संरक्षण र विकास गर्न सक्छौँ । नत्र भने संस्कृतिको नाममा विकृति बचाउने र भित्र्याउने काम मात्र हुन जान्छ ।

*-समकालिन साहित्य डटकम*

कथा

मणि लोहनी

# प्रेममा तिमी नै सही थियौ, परिमित !

परिमितका तीन कुरा औधी राम्रा थिए । पहिलो उनको लेखाइ । दोस्रो उनको व्यवहार । र तेस्रो उनको शरीर । उसले उनलाई चिनेको नै उनको लेखाइले हो । उनीसँग नजिक भएको उनको व्यवहारले । उनकै शरीरले लोभ्याएर हो उ उनीसँग यति झ्याम्मिएको । परिमित काठमाडौंमा संघर्ष गर्न होइन, पढ्न आएकी । पछि पढ्नभन्दा बढी संघर्ष गर्न मन पराइन् । विदेशी लेखिकाका केही किताबहरू पढेपछि भावुकताबस उनलाई त्यस्तो लागेको हुनुपर्छ । उनका दाइ निजामती सेवाको प्रतिष्ठित पदमा कार्यरत थिए । आमा बा पनि सम्पन्न । तराईमा प्रशस्त जग्गाजमिन थियो । उनको भागमा मात्रै दुई बिघा जमिन छ भन्थिन् । दिदीलाई र उनलाई परिवारले छुट्याइदिएको रे । बाबु राजनीति गर्थे रहरले । बाबुमा कुनै लप्पन छप्पन थिएन । सबैलाई सहयोग गर्दागर्दै नेता बनिगए । बेलाबेलामा परिवारको कुरा गरेपनि उनी बाँच्ने त एक्लै हो भन्थिन् । नपुग केही थिएन । तर काठमाडौंमा दु:ख देखिने गरी बसेकी थिइन् । शहरभन्दा अलि पर सामान्य घरमा एउटा सानो कोठा थियो उनको । चार हजारको सानो खाट, पातला सिरक डस्ना, सानो टेबुल, एउटा चुल्हो भएको ग्यास । ल्यापटप होइन पुरानो मोडेलको कम्प्युटर थियो उनीसँग । जमानामा आफैले किनेकी । हल्का टाइप गर्न र गीत सुन्न मिल्थ्यो । भन्थिन्, 'म आफै कमाउँछु र आफै बाँच्छु ।' महिनाको १५ दिन उनी यही रट्थिन् । घर बहाल तिर्ने बेला दाइले पठाएको पैसा लिन बैंक पुग्थिन् । १५ दिन केही शान्त हुन्थिन् र फेरि उही पुरानै हुटहुटी । भन्थिन्, 'म आफै बाँच्न सक्छु । के सोच्छन् मान्छेहरू ? के म केही गर्न सक्दिन ? मेरो दाइ मलाई केटाकेटी सम्झिन्छ । हेर, एकदिन म मेरो परिवारलाई केही गरेर देखाउँछु ।' यसो भनिरहँदा उनी घरबाट ल्याएको चामल र दाल पकाएर उसलाई खुवाउँदै हुन्थिन् । 'तिम्ले पक्कै पनि केही गरेर देखाउनु पर्छ परिवारलाई । अरु केही गर्न नसके पनि बिहे गरेर देखाउनु पर्छ, परी ।' उ जिस्किन्थ्यो र उनी उसलाई कुट्न लखेट्थिन् । एउटा सानो कोठामा कहाँ भाग्नु ? उनी भेट्टाइ हाल्थिन् र उसलाई एक मुड्की कुट्न पनि भ्याउथिन् । तीस नपुगेकी उनी । ठुलठुला कुरा गर्थिन् । आफै केही गर्नुपर्छ भन्थिन् । आदर्श कुराहरूमा उनलाई दिलचस्पी थियो । लेखेर अनावश्यक चर्चामा भन्दा पनि पाठकको मनमा बस्नु पर्छ भन्थिन् । एउटी कलिली लेखिकाका यस्ता कुराहरूलाई उ चाख मानेर सुन्थ्यो । लेख्न राम्रै लेख्थिन् । दुईटा उपन्यास मध्ये पछिल्लो उपन्यास त निकै राम्रो पनि रह्यो । उसले त्यो उपन्यासले राम्रै पुरस्कार पाउला भन्ने सोचेको थियो । उसलाई के लागेको थियो भने राम्रो रचनाको कतै न कतै सम्मान हुन्छ । तर उनले भने झै उनी पाठकको मनमा नै सीमित भइन् । सानो मसिनो उपन्यास एकै बसाइमा पढ्न सकिने । लेखाइबाट सुरु भएको उनीहरूको परिचय छिट्टै झाम्मियो । उनी दिमाग कम र मन ज्यादा भएकी केटी । उ दिमाग चलाएर मनको कुरा गर्न खप्पिस । के थियो ? उनी लपक्क भइहालिन् । उनी नयाँ किताबको तयारी गर्दै थिइन् । पाएसम्म नयाँ किताब पढ्ने उनी, पढ्दै र लेख्दै गर्न सक्थिन् । उनको यो क्षमता उसलाई अस ाध्यै मन पर्थ्यो । आफूले लेखेको केही पानाहरू उनले उसलाई पढेर सुनाइन् । प्रेमको आत्मिक सन्दर्भको चर्चा थियो लेखाइमा । उनले मनलाई महत्व दिएर नायिकालाई बोल्न लगाएकी थिइन्, 'तिमी जीवन र यौवनलाई प्रेम भन्ठान्छौ होला तर म मृत्यु र जीवनलाई प्रेम भन्छु । म प्रेम मनमा अनुभूत गर्छु र तिमी शरीरमा ।' उसले प्रतिवाद गर्यो, 'शरीर र मन छुट्याउने कुरा होइन । प्रेम गर्नेले मनलाई पनि प्रेम गर्छ शरीरलाई पनि । फेरि प्रेम भनेको अनुभूति मात्र होइन स्पर्श पनि हो, परिमित ।' उनी मान्न तयार भइनन् । भनिन्, 'प्रेम गरेको मानिस अनुभूतिमा नै सुन्दर देखिन्छ ।' 'प्रेम गरेको मानिस नाङ्गो पनि प्रिय लाग्छ ।' उसले भन्यो, 'प्रेम नगरेको नाङ्गो शरीर सोच्न पनि सकिँदैन । मानिसलाई सुन्दर बनाउने प्रेमले हो । अझ नाङ्गो शरीरको शृङ्गार हो प्रेम ।' उनी अझै मान्न तयार भइनन्, 'तिमी यौनको कुरा गरिरहेका छौं ।' उसले भन्यो, 'कसैको उपस्थिति विना, मात्र अनुभूतिमा कसैलाई प्रेम गर्नु पूजा गर्नु हो । त्यो माया होइन । जुन हामी भगवान्सँग मात्र गर्छौं । मानिस सुखी हुनलाई पूजा होइन प्रेम चाहिन्छ, परिमित । ' उसको कुरामा उनले सहमति जनाइनन् । अझ बेला बेलामा मनले गर्ने उनको आत्मिक व्यवहार । उभित्रको लोभी पुरुष पटकपटक असन्तुलित हुँदै थियो । उसले आफ्नो बलबुताले भ्याएसम्म आफुलाई रोकिरहेथ्यो । उसलाई के थाहा थियो भने जसरी म बेकाबु भइरहेको छु त्यसै गरी उनी पनि हुनेछिन् र झ्वाम्म अंगालो हाल्नेछिन् । नभन्दै त्यस्तै भयो । परिमितले उसलाई अंगालो हालिन् । 'के गरेकी यो ?' उ बनावटी रूपमा बोलिदियो । 'तिमी बढी बोल्छौं ।' उनी लाडिइन् । उ चुप लाग्यो । उनी पनि केही बोलिनन् । उनको शरीर पहिलोपल्ट उसले त्यही दिन देखेको । शरीरसम्मको यो यात्राले यी दुईलाई अझ आत्मीय बनायो । 'तिमीले मलाई एकदमै बिथोलिदियौ । म कस्तो शान्त पोखरीजस्तो थिएँ । अहिले हरघडी तिमीलाई सम्झिन्छु । खहरेभन्दा चर्को भयो ।' एक साँझ उनले उसलाई फोन गरिन् । उ हाँस्यो मात्र । उसलाई केही बोल्नुपर्छ जस्तो पनि लागेन । के बोल्ने थाहा नै भएन । तैपनि 'किन त्यस्तो भयो त ।' भनेर सोध्यो । 'लगातार ढुङ्गा हान्ने काम जो तिमीबाट भइरहेको छ ।' 'मैले पोखरीमा ढुङ्गा हानेको होइन, परी । पोखरीको पानी पिएको मात्र हुँ । तरङ त पोखरीमा पहिले नै थियो । पोखरीमा छचल्किएको त्यही तरङ्गले त हो नी मलाई तिमीसम्म तानेको ।' उ हाँस्यो । 'अब के के हुने हो थाहा छैन ।' यसो भनेर उनले फोन राखिन् । अब के हुन्छ, उसलाई पनि थाहा थिएन । तर त्यो रात परिमितले उसलाई पनि खहरे नै बनाइदिइन् । पछिल्ला दिनहरूमा एकअर्काको शरीर दर्शन उनीहरूलाई सहज भयो । यसबीचमा उनले कथाहरू पनि लेख्न थालेकी थिइन् । मनमा अनुभूत गर्ने प्रेमभन्दा उनी माथि उठेकी थिइन् । भन्थिन्, 'प्रेमका लागि तिमी मेरो शिक्षक हौ ।' उ हाँसिदिन्थ्यो । उ सोच्थ्यो, यो सामान्य कुरा । भावुक र एकाङ्की केटीहरू जे मा पनि भावुक बनिदिन्छन् । साँझमा उदास हुनु, दुई चार एसएमएस गर्नु या च्याटमा बस्नु, रात रातभर गीत सुन्नु या केही लेख्नु अनि बिहान अबेलासम्म सुत्नु उनको दिनचर्या थियो । दाइले पैसा पठाइ हाल्थ्यो । दिनभरि साहित्यिक कार्यक्रम, लाइब्रेरी या पुस्तक पसलमा बिताउँथिन् । तर पनि 'म आफै बाँच्न सक्छु । केही गरेर देखाउँछु' भन्न छोड्दिनथिइन् । बन्द कोठाको चार दिवारीमा अनौपचारिक उनीहरूको सम्बन्ध बाहिर भने अत्यन्त भद्र हुने गर्थ्यो । यसो गर्न उसले नै सिकाएको थियो उनलाई । उनले मानेको प्रेमको शिक्षक जो ठहरियो । एक दिन उनले दिलाशाको कुरा गरिन् । बोर्डिङकी एक शिक्षिकाको । त्यसो त दिलाशाको कुरा उनी पहिले पनि गर्थिन् । पुरुषलाई अत्यधिक घृणा गर्ने दिलाशा उनको मिल्ने साथी थिइन् । भन्थिन्, 'दिलाशाले म तिमीसँग हिँडेको बोलेको पनि मन पराउँदिन । केटाहरू मतलबी हुन्छन् भन्छे । तर मलाई तिम्रो नजिक भइरहन मन लाग्छ ।' तर त्यो दिन दिलाशाको कुरा उनको मुखबाट सुनेपछि उसलाई लाग्यो, दिलाशा त नपत्याउँदी रहिछ । उनको शरीरको दर्शन उसले मात्र होइन दिलाशाले पनि गर्दिरहिछ । 'के गरेकी त्यस्तो ?' 'दिलाशाले के के गर्थी । म नाइँ भन्नै सक्दिनथेँ । मन नपरे पनि सहन्थेँ म' उनी माया लाग्दी देखिइन् । 'उसको व्यवहारले मलाई लेख्ने विषय पनि मिलेको छ । महिला समलिङ्गीहरूको बारेमा अब म लेख्न सक्छु नी ।' ए भावुक लेखिका । उनको लेखनप्रतिको यो आकर्षण उसलाई बुझिनसक्नु लाग्यो । दिलाशासँगको सम्बन्धलाई उनले नै सामान्य रूपमा लिएपछि उसले मात्र किन असामान्य रूपमा लिनु ? भन्यो, 'तिमी त कति भाग्यमानी । पुरुष महिला दुबैको अनुभव लिन पायौ । यस्तो अनुभव बिरलैले मात्र पाउँछन् ।' 'मलाई त केटा नै मन पर्छ । दिलाशा साथी हो नाइँ भन्न सक्दिन । मलाई पाइन भने मर्छु भन्छे ।' 'तिमीलाई मन पर्दैन भने किन भन्न सक्दिनौं त ? मर्न देऊ न उसलाई ।' उ सम्भवत: पहिलोपल्ट झर्कियो परिमितसँग । एक दिन अकस्मात् परिमित बिरामी भइन् । उ हतार हतार अस्पताल पुग्यो । उसले सधैँ एक्लो भेटेकी उनी परिवारले घेरिएकी थिइन् । कोही केही बोलिरहेका थिएनन् । उसले सोध्ने आँट पनि गरेन । 'परी भित्र आइसीयूमा छे ।' उनको दाइले भन्यो, 'डाक्टरहरूले भगवान्लाई प्रार्थना गर्नु भनेका छन् ।' उनको परिवारसँग उसको राम्रो चिनजान थिएन । आइसीयू बाहिरपट्टिको लबीमा एक्लै बस्यो । र भगवान्लाई प्रार्थना गर्न थाल्यो । केही प्रहरीहरू आए र दाइसँग कुरा गरे । दाइको आवाज उसले सुनेन तर अनुहार आत्तिएको देख्यो । दाइ प्रहरीसँगै हिँडे र उसलाई पनि बोलाए । उ प्रहरी र दाइको पछि पछि लाग्यो । दिलाशाले यस्तो गर्छे भनेर उसले सोचेको समेत थिएन । समलिङ्गी आदत भएकी यी महिला उसलाई परिमितको मिल्ने साथीभन्दा बढ्ता अरु केही लाग्दैनथ्यो । तर प्रहरी चौकीमा दिलाशाको बयान सुनेपछि उ हैरान भयो । स्वास्नीमान्छेको यस्तो हिंसक रूप उसले कल्पना पनि गरेको थिएन । 'उनको शरीर जलेर सकिएपछि, उनीप्रतिको मेरो प्रेम पनि मर्छ होला ।' उसले सोच्यो । तर त्यस्तो भएन । जलेर सकिँदै गरेको उनको शरीरसँगै उनीप्रतिको उसको प्रेम उम्लेर आयो । प्रेम शरीरमा होइन मनमा हुन्छ भन्ने उसलाई अनुभूत भयो । दिव्यज्ञान आत्मबोध भएजस्तो उसलाई महसुस भयो, प्रेममा उनी नै सही थिइन् । उनले भन्ने गरेजस्तै प्रेम अनुभूतिमा हुँदो रहेछ । उसलाई लाग्यो, उसले उनको शरीरलाई होइन उनलाई प्रेम गरेको रहेछ । उसले आफुलाई रोक्नै सकेन । भक्कानियो उ र दुवै हात जोडेर अन्तिमपल्ट दर्शन गर्यो परिमितको जल्दै गरेको नाङ्गो शरीरलाई ।

*-साहित्यपोष्ट डटकम*

# आज राष्ट्रिय विज्ञान दिवस मनाइँदै




**पाल्पा,** भदौ ३१/ नेपालमा आज विभिन्न कार्यक्रम आयोजना गरी राष्ट्रिय विज्ञान दिवस मनाइँदैछ । विज्ञान तथा प्रविधिको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने, वैज्ञानिक सोचको विकास गर्ने तथा अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले दिवस मनाउन लागिएको हो ।

देशका सबै वर्ग, समुदाय तथा पेसागत क्षेत्रका व्यक्ति तथा संस्थाहरूलाई विज्ञान तथा प्रविधिको क्षेत्रमा योगदान पुर्‍याउने गरी परिचालन गर्ने तथा विज्ञान तथा प्रविधि विषयमा जनचेतना बढाउने, नीति निर्मातादेखि तल्लो तहका जनतासम्म यो प्रक्रियामा सक्रिय भूमिका निभाउने अवस्था सिर्जना गर्न सचेतनामूलक र अभियानमुखी काम गर्ने उद्देश्यले २०७० देखि राष्ट्रिय विज्ञान दिवस मनाउँदै आइएको छ । दिवसका अवसरमा देशभरका विद्यालय, कलेज, विश्वविद्यालय तथा विभिन्न वैज्ञानिक एवं प्राविधिक संस्थाहरूले विज्ञान प्रदर्शनी, अन्तर्क्रिया, गोष्ठी, कार्यशाला तथा सचेतनामूलक कार्यक्रम आयोजना गर्ने भएका छन् । विज्ञान र प्रविधि दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसको विकासलाई देशको समग्र आर्थिक तथा सामाजिक रूपान्तरणसँग जोडेर हेर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिँदै आएका छन् ।

उनीहरूले अनुसन्धानमा लगानी वृद्धि, वैज्ञानिक जनशक्तिको उत्पादन तथा प्रतिभाशाली युवालाई स्वदेशमै अवसर सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । राष्ट्रिय विज्ञान दिवसले विद्यार्थी तथा युवामा वैज्ञानिक सोच, खोज तथा अनुसन्धानप्रतिको रुचि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । दिवसका अवसरमा विज्ञान तथा प्रविधिको क्षेत्रमा योगदान पुर्‍याउने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने कार्यक्रमसमेत आयोजना गरिने जनाइएको छ ।

सरकारले विज्ञान तथा प्रविधिलाई विकासको महत्वपूर्ण आधारका रूपमा अघि बढाउँदै अनुसन्धान, नवप्रवर्तन र प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्ने आवश्यकता विज्ञहरूले औँल्याएका छन् । विज्ञान दिवसलाई औपचारिक कार्यक्रममै सीमित नराखी वैज्ञानिक सोच र अनुसन्धान संस्कृतिको विकास गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्नेमा पनि उनीहरूको जोड छ ।

## खेलकुद समाचार

### आईपीएल २०२७ को अक्शन भारतमा हुने



**काठमाडौं,** भदौ ३१/सन् २०२७ को इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटको अक्शन भारतमा हुने भएको छ । पछिल्ला वर्षहरूमा विदेशमा आयोजना हुँदै आएको प्रचलनलाई तोड्दै भारतीय क्रिकेट नियन्त्रण बोर्ड ( बीसीसीआई) ले आउँदो वर्षको आईपीएल अक्शन भारतमै गर्ने निर्णय गरेको हो । मंगलबार बसेको आईपीएल गभर्निङ काउन्सिलको बैठकले यो निर्णय गरेको हो । सन् २०२३ मा केरलाको कोचीमा भएको अक्शनपछि पछिल्ला संस्करणहरू दुबई, जेद्दा र अबुधाबीमा आयोजना भएको थियो । यद्यपि यसपटक भने बीसीसीआई र आईपीएलले अक्शनलाई भारतमै फर्काउने निर्णय गरेका छन् र यो 'मिनी-अक्शन' हुनेछ । यस्तै अर्को वर्ष हुने मेगा अक्शन फेरि विदेशमै आयोजना हुनसक्ने क्रिकेटसम्बन्धी जानकारी दिने बेवसाइट 'क्रिकबज' ले जनाएको छ । यो निर्णय फ्रेन्चाइजहरूलाई दिइएको आश्वासनअनुरूप नै छ, उनीहरूले 'मिनी-अक्नश' का लागि आफ्ना टोलीहरू विदेश लैजाँदा आइपर्ने व्यवस्थापकीय तथा सञ्चालनगत चुनौतीहरूबारे चिन्ता व्यक्त गरेका थिए ।


विश्वकर्मा बाबा की जय ! जय !! जय !!!





*हामीकहाँ सटर, च्यानल गेट, ग्रिल, रेलिङ्, गोल भरेङ्, कम्पाउण्ड गेट, कम्पाउण्ड जाली, ट्रस आदि बनाउनुका साथै स्टील र आल्मुनियम सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।*

विश्वकर्मा पूजा २०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. दल बहादुर वि.क.

**न्यू आलदेवी ग्रील उद्योग परिवार**

तानसेन–३, टक्सारटोल, पाल्पा, सम्पर्क नं. ९८४७३४७८३०

विश्वकर्मा पूजाको हार्दिक शुभकामना





*२०८३ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*


*हामी कहाँ सबै कम्पनीका गाडी, मोटरसाइकल मर्मत गरिनुका साथै डेन्ट पेन्टको पनि व्यवस्था छ ।*

प्रो.रामु नेपाली

**सुरज बोडी मेकर एण्ड पशुपति मोटर पार्टस**

तानसेन–४, पाल्पा (होलाङ्गदी जाने बाटो) सम्पर्क : ९८६९९४००९८

विश्वकर्मा बाबा की जय ! जय !! जय !!!



२०८३ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*हामीकहाँ: आल्मोनियमका आधुनिक झ्याल, ढोका, पार्टेशन, ग्लास डोर, स्टक्चर, ग्लेसिङ्, फेन्सी गेट, आल्मोनियम र स्टील सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।*

प्रो. सुमिर कुमार समरखाती


**न्यू उपहार ग्रील आल्मोनियम तथा स्टील उद्योग परिवार**

तानसेन–२, मेहल्धारा, पाल्पा

सम्पर्क नं. ०७५–५२२४०५, ९८४७०००९९९

विश्वकर्मा बाबा की जय ! जय !! जय !!!







विश्वकर्मा पूजा २०८३ को पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


**ज्ञानेन्द्र अटो वर्क्स परिवार**

भिमसेन टोल, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८४७११०३८२, ९८४७१२८१४७

विश्वकर्मा पूजाको हार्दिक शुभकामना







विश्वकर्मा पूजा २०८३ को पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सारा मोटर कर्प्स**

**एण्ड लक्ष्मी मोटो केयर प्रा.लि.**

तानसेन–३, होलाङ्गदी, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१, ९८५७०६२१३१, ९८५७०८२४०२


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.–७ बुढीकोट, हाल माथागढी गाउँपालिका–१ निवासी भारतिय भू.पू.सैनिक नं. 5842862 W का NK देवीजंग घर्ति क्षेत्री (ना.प्र.मा देविजंग घर्ती क्षेत्री) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा विष्णु कुमारी क्षेत्री र जन्म मिति सन् १९५९ मे १६ (वि.स.२०१६/०२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा विष्णु कुमारी घर्ती क्षेत्री, जन्म मिति वि.स. २०१८/०६/०५ (सन् १९६१ सेप्टेम्वर २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक–फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५–५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई